# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्याः २०७९/८० गण्डकी प्रदेश, नेपाल


## किसान सूचीकरण सहजकर्ता आवश्यकता सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मिति : २०८०/०२/०४)

यस गाउँपालिकाको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार किसान सूचीकरण कार्यक्रम प्रयोजनार्थ तपसिल बमोजिमका किसान सूचीकरण सहजकर्ता आवश्यक परेकाले योग्यता पुगेका यस गाउँपालिका भित्रका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

**१.आवश्यक पदः** किसान सूचीकरण सहजकर्ता

**२.आवश्यक संख्याः** ७ जना (प्रत्येक वडामा १ जनाका दरले)

**३.आवश्यक शैक्षिक योग्यताः**

- मान्यताप्राप्त शैक्षिक संस्थाबाट माध्यमिक तह (कक्षा १२) वा सो सरह उतिर्ण गरि कम्प्युटर सम्बन्धी आधारभूत तालिम लिएको हुनुपर्ने
- सूचीकरण कार्यक्रम भएकोले आफ्नै एण्ड्रोइड मोवाइल वा ट्याव वा ल्याप्टप भएको र इन्टरनेट चलाउन दखल भएको हुनुपर्ने
- कृषि तथा पशु सेवा विषय पढेका तथा तथ्यांक संकलन कार्यको अनुभव भएकालाई प्राथामिकता रहने

**४.दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- तालिम तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (२ प्रति)
- आवेदन फारम (कार्यालयबाट उपलब्ध गराइने)

**५.दरखास्त दिने स्थानः** कालीगण्डकी गाउँपालिका, कृषि शाखा, बिर्घा

**६.दरखास्त दिने मितिः** २०८०/०२/१० गते कार्यालय समय भित्र

**७.परीक्षाको किसिमः** अन्तर्वार्ता (आवश्यकता अनुसार प्रयोगात्मक)

**८.सेवा सुविधाः** किसान सूचीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७७ अनुसार

**९.परिक्षा मितिः** अर्को सूचनाबाट जानकारी गराइने

(विस्तृत जानकारीका लागि कालीगण्डकी गाउँपालिका कृषि शाखा वा सम्बन्धित वडाको कृषि इकाईमा सम्पर्क गर्न सक्नुहुनेछ।)

(देवेन्द्र पाण्डेय)
प्रमुख प्रशासकीय अधिकृत